# जिल्ला समन्वय समितिको कार्यालय, तानसेन पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

आ.व २०७७/०७८ को चौथो त्रैमासिक समयावधि (२०७८ वैशाख १ गतेदेखि २०७८ असार मसान्तसम्म) मा सम्पादित कार्यहरुको विवरण

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

| | |
|---|---|
| क) निकायको स्वरुप र प्रकृति | नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ। जिल्ला समन्वय समिति पाल्पामा नौ सदस्यीय समिति रहेको जसमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य रहेको छ। जिल्ला समन्वय समितिको कार्यालय, पाल्पा अन्तर्गत जिल्ला समन्वय अधिकारी सहित १३ जनाको दरवन्दी रहेको छ । |
| ख) निकायको काम, कर्तव्य र अधिकार | - जिल्ला स्थित संघ र प्रदेश सरकारी कार्यालय, गाउँपालिका र नगरपालिकावीच समन्वय गर्ने ।<br>- जिल्ला भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गैसस तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सो को प्रवन्ध मिलाउने । |
| ग) निकायमा रहने कर्मचारी संख्या र विवरण | जिल्ला समन्वय अधिकारी-१<br>शाखा अधिकृत-१<br>ईन्जिनियर- १<br>नायब सुब्बा-१<br>लेखासहायक-१<br>सव-ईन्जिनियर- १<br>खरिदार-१<br>हलुका सवारी चालक-२<br>कार्यालय सहयोगी- ३ |
| घ) निकायबाट प्रदान गरिने सेवा | कार्यक्रमको स्वीकृति, समन्वय, अनुगमन, अनुगमनको लागि आवश्यक व्यवस्थापन गर्ने, |
| ङ) निर्णय गर्ने प्रक्रिया र अधिकारी | सम्वन्धित फाँटवालाबाट अवस्था अनुसार कारवाही सुरु भई जिल्ला समन्वय अधिकारीबाट निर्णय हुने ।<br>अवस्था अनुसार जिल्ला समन्वय समितिको बैठक र जिल्ला समन्वय समितिका |

| | |
|---|---|
| | प्रमुखबाट निर्णय हुने । |
| च) निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुख/जिल्ला समन्वय अधिकारी |
| छ) सम्पादन गरेको कामको विवरण | -जिल्ला समन्वय समिति पाल्पाको बैठक मिति २०७८।०३।१४ मा बसी जिल्ला अन्तरगतका विकास निर्माण लगायतका अन्य समसामायिक विषयमा छलफल गरी आवश्यक निर्णय गरियो ।<br><br>-चौथो जिल्ला सभाको बैठक मिति २०७८।०३।१७ मा सम्पन्न भएको ।<br><br>-मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम जिल्ला व्यवस्थापन तथा समन्वय समितिको बैठक मिति २०७८।०३।०६ र ०७८।०३।१३ मा बसी कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरिएको । मिति २०७८।०३।३१ मा कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा वार्षिक समिक्षा बैठक सम्पन्न भएको ।<br><br>-DCMC पाल्पाको मिति २०७८।०१।२३ को बैठकमा छलफल भएअनुसार माननीय प्रदेश सभा सदस्यज्यूहरु जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख र जिल्ला समन्वय अधिकारी समेतको टोलिबाट जिल्ला अन्तरगतका तानसेन नगरपालिका, रैनादेवीछहरा गाउँपालिका, रिब्दीकोट गाउँपालिका, पूर्वखोला गाउँपालिका, निस्दी गाउँपालिका, बगनासकाली गाउँपालिका, तिनाउ गाउँपालिका र माथागढी गाउँपालिकामा मिति २०७८।०१।२७ देखि मिति २०७८।०२।०७ सम्म स्थलगत अनुगमन निरिक्षण गरी कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचार सम्बन्धमा भए गरेका कार्यहरु र स्थानीय तहहरुमा देखिएका समस्या एवं गर्नुपर्ने कार्यहरुको सन्दर्भमा छलफल गरी समाधानका लागि उपयुक्त रायसुझाव प्रदान भएको ।<br><br>-जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख श्री मिरा मरासिनीज्यूको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी लगायतको कार्यालयका कर्मचारीको सहभागीतामा विभिन्न मितिमा जिल्ला भित्र संचालन भएका संघ, प्रदेश र स्थानीय तहका विकास निर्माण लगायतका कार्यक्रमहरुको स्थलगत अनुगमन निरिक्षण कार्य सम्पन्न भएको । |
| ज) सूचना अधिकारी र प्रमुखको नाम र पद | प्रमुख : जिल्ला समन्वय अधिकारी श्री ध्रुव बहादुर कुंवर<br>सूचना अधिकारी : शाखा अधिकृत श्री भावना पोखरेल |
| झ) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | - स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>-जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५<br>-स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ |

| | |
|---|---|
| | - जिल्ला स्तरीय समन्वय तथा अनुगमन सम्बन्धी कार्यविधि- २०७५<br>- जिल्ला सभा तथा जिल्ला समन्वय समिति बैठक सञ्चालन सम्बन्धी कार्यविधि - २०७५<br>-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली २०७७<br>-मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ |
| ञ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आ.व २०७७।०७८ को असार मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण : |
| | बजेट शिर्षक नं. ३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालय (चालु) |
| | विनियोजित बजेट / खर्च |
| | रु १,३३,८८,०००/ / रु रु ८५,७०,६७६/ |
| | बजेट शिर्षक नं. ३३६००१०२३ गरिबसँग विश्वेश्वर कार्यक्रम (चालु) |
| | विनियोजित बजेट / खर्च |
| | रु ३,७९,०००/ / रु ३,३१,९८०/ |
| | बजेट शिर्षक नं. ३६५००१०४३ स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम (चालु) |
| | विनियोजित बजेट / खर्च |
| | ७,२०,०००/ / २,५९,८०२/ |
| | मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम : विविध प्रदेश (ख)६ |
| | विनियोजित बजेट / खर्च |
| | ३,५०,०००/ / १,४६,५५६/ |